# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

DHARMAKIRTI



रोग लागेर दुःखपाइरहेका एक रोगी व्यक्ति



आयू क्षय भई मृत्यु भएका व्यक्तिलाई श्यमशान लगिंदै

## चार निमितहरु देखेर गृहत्याग गर्नुभयो राजकुमार सिद्धार्थले



थरथर काँप्दै लौरोको सहाराले हिंडिरहेका एक बृद्ध



घरबार त्यागी सत्यको खोजीमा लागेका एक त्यागी व्यक्ति

वर्षः ४०, अङ्कः ९

बु.सं. २५६६, योमरी पुन्हि

# दिनभर मैत्री सूत्र पाठ एवं थेरी पूजा

*२०७९ मंसिर ६ गते, मंगलवार*
*स्थान- निर्वाण मूर्ति*
*किम्डोल विहार*

यसदिन निर्वाण मूर्ति किम्डोल विहारको आयोजनामा सञ्चालित एक कार्यक्रममा प्रव्रजित गुरुमांहरूबाट दिनभर मैत्रीसूत्र पाठ गरी पितृजनहरूको पुण्य स्मृतिमा उहाँहरूको सुगति एवं निर्वाण हेतुको कामना गरी सामूहिक पुण्यानुमोदन गरिएको थियो । कार्यक्रममा वीर्गवती गुरुमांले मैत्री सूत्रको परिचय लगायत पुण्यानुमोदनको महत्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।



कार्यक्रममा थेरी पूजा गर्ने सिलसिलामा माधवी गुरुमां, धम्मवती गुरुमां, सत्यशीला गुरुमां, चमेली गुरुमां, अनोजा गुरुमां, नेक्खमी गुरुमां गरी ६ जना थेरीहरूलाई दानप्रदान गरिएको थियो ।

कार्यक्रममा निमन्त्रित गुरुमांहरू लगायत उपस्थित उपासकोपासिकाहरूलाई जलपान र भोजन प्रायोजन गरिएको उक्त कार्यक्रमको अन्त्यमा विहार प्रमुख धम्मविजया गुरुमां लगायत उपासकोपासिकाहरूबाट दान प्रदान गरी पुण्य सञ्चय गरिएको थियो ।






*सामूहिक पुण्यानुमोदन गर्नुहुँदै उपासक उपासिकाहरू*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**8th DECEMBER 2022**


| वर्ष- ४० | अङ्क- ९ | योमरी पुन्हि | मंसिर २०७९ |
|---|---|---|---|





**पविवेकरसं पीत्वा - रसं उपसमस्स च**
**निद्दरो होति निप्पापो - धम्मपीति रसं पिवं**

**एकान्तमय् बास याना: शान्ति-रस त्वनाच्वंपिं हानं धर्मया रसपान यानाच्वंपिं सत्पुरुषपिं, मग्याइपिं जुया: पाप मदुपिं ज्वी ।**

**एकान्त बासको रस तथा शान्तिको रसपान गर्ने सत्पुरुषलाई भय हुँदैन । धर्मको प्रेमरस पान गर्ने व्यक्ति निडर र निष्पाप हुन्छ ।**

**He who has tasted the sweetness of solitude and tranquility becomes free from fear and free from sin, While he tastes the sweetness of drinking in the law.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय - चार निमित्त | – स.ना.गो., अनु. वीर्यवती | २ |
| ३) | सम्पादकीय - भौतिक एवं आध्यात्मिक सुख | – | ३ |
| ४) | धर्म आचरणमा उतार्नु–२ | – सत्यनारायण गोयन्का | ४ |
| ५) | दानव फेरि मानव | - भिक्षु अश्वघोष | ६ |
| ६) | स्नेही छोरी (उपन्यास)–५ | – वर्मी भिक्षु र वे थ्वं महास्थविर | ९ |
| ७) | तथागतयागु स्वीनिता महापुरुषलक्षण उत्पन्न ... ... | - कुसलज्ञाणी गुरुमां | १५ |
| ८) | धर्मचक्र प्रवर्तन सूत्र–म्हसीका | - तारा केशरी ढुंगाना | १७ |
| ९) | Compassion-II | – Lekh Ratna Shakya | १९ |
| १०) | सुकीर्ति सदा अजर अमर | – विद्याकुमारी वज्राचार्य | १९ |
| ११) | धम्मपद – मूर्ख वर्ग | – सत्यमोहन जोशी | २२ |


*आवरण चित्र परिचय*

# चार निमित्त

**कल्याण मित्र सत्यनारायण गोयन्का**
**अनुवाद- वीर्यवती**

राजकुमार सिद्धार्थ गौतमको जीवनीमा उल्लेख भएनुसार जब उहाँले राजमहलबाट शहर घुम्न निस्कनुभयो, तब उहाँले एक रोगी, एक जराजीर्ण भइसकेको बृद्ध व्यक्ति, एक मृत व्यक्ति र एक त्यागी श्रमणलाई देखेको कारणले मनमा वैराग्य भावनाले स्थान लियो । मनमा धर्म संवेग उत्पन्न भयो । यही कारणले उहाँले राजदरवार त्याग्नु भयो ।

यस घटनालाई विचार गरेर हेर्ने हो भने यी चार निमित्तहरूलाई उहाँले आफ्नो जीवनमा प्रथम पटक देखेको भन्दा मानिसहरूले पत्याउन अलि नसकिएला । किनभने दरवार त्याग्नु भएको अवस्थामा उहाँ २९ वर्ष पुग्नु भएको थियो । त्यतिञ्जेलसम्म त उहाँका बुबा र सानी आमा महाप्रजापती गौतमी पनि उमेरको हिसाबले बृद्ध बृद्धा नै भइसक्नु भएको बुझिन्छ । यस्तो अवस्थामा राजकुमारले आफ्नै दरवारमा बुबा र सानी आमाको फुलेका सेता कपाल सहितका बृद्ध बृद्धाका रूपमा देखिसकेको नै हुनुपर्छ । त्यतिञ्जेल त दरवार भित्र पनि कुनै व्यक्ति बिरामी परेको होला । आफ्नो दरवार भित्र मात्र होइन आफ्ना मामाघर पट्टीका कोही पनि व्यक्ति विरामी परेको होला । त्यति मात्र होइन कुनै व्यक्ति त मरेको पनि होला । उहाँ आफैं नवजात शिशु भएको अवस्थामा उहाँका माता महामाया देवीको मृत्यु भएको कुरा पनि त सुन्नुभएकै होला । यस घटनाले उहाँको मनलाई बिचलित पारेको पनि होला ।

सिद्धार्थ राजकुमारलाई २९ वर्षको उमेरसम्म त बाहिर नपठाई राजमहल भित्रमात्र भुलाएर राखियो । यो भन्दा पहिला उहाँ कहिले पनि दरवार बाहिर नगर परिक्रमाको लागि निस्कनु भएन भन्ने कुरालाई पालि साहित्यले पनि गलत सावित गरेको देखिन्छ । किनभने राजकुमार सम्यक सुम्बुद्ध हुनुभएपछि कपिलवस्तुमा आउनुभई हरेक घरघरमा भिक्षाटन जानुभएको अवस्थामा यस दृश्य देख्नुभएकी राहुलमाताले उहाँको श्रीमुखबाट यस्तो उद्गार व्यक्त गर्नुभएको उल्लेख छ –

“उहाँ आर्यपुत्र पहिला राजसी वस्त्राभुषणले अलंकृत हुनुभई सुनको पालकीमा बसी यही नगरमा विचरण

( क्रमशः ८ पेजमा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# भौतिक एवं आध्यात्मिक सुख

एक स्वस्थ धार्मिक व्यक्ति बन्नका लागि भौतिक सुख (शारीरिक सुख) र आध्यात्मिक सुख (मानसिक सुख) दुवै अत्यावश्यक छ । विना भौतिक सुखले आध्यात्मिक सुख प्राप्त गर्न असमर्थ हुन्छ भने आध्यात्मिक सुख बिना भौतिक सुखको महत्व हुँदैन ।

भौतिक सुख भन्नाले हाम्रो मन सहितको शरीरलाई स्वस्थ र जीवित राख्नका लागि आवश्यक आधारभूत आवश्यकताहरूलाई जनाइन्छ । ती यसरी छन् –

१) आहार अथवा खाना २) बासस्थान ३) लुगा ४) औषधि ५) शिक्षा ।

यी ५ प्रकारका भौतिक सुख पूर्ण भइसकेपछि आफ्नो मनलाई शक्तिशाली बनाउनका लागि आध्यात्मिक सुख (मानसिक सुख) को खोजीमा लाग्न पनि आवश्यक हुन्छ ।

तर धेरै जसो मानिसहरू भौतिक सुख सुविधालाई अझ उच्चस्तरको विलाशी बनाउने चाहनामा आकर्षित भई त्यही चाहनाको परिपूर्तितर्फ नै आफूलाई अलमलाइरहेको देखिन्छ । यसबाट नै साँचो मानसिक सुख प्राप्त हुने हो कि भन्ने भ्रममा परेरै पनि होला । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ –

**पुप्फानि हे व पचिनन्तं ब्यासत्तं मनसं नरं**
**सुत्तं गामं महोघोव मच्चु आदाय गच्छति**

आँखा, कान, नाक, मुख र शरीर (पञ्च इन्द्रिय द्वार) बाट भित्र बाहिर गरिरहने यो मनले बाह्य आरम्मणमा रहेका भौतिक सुखहरूमा मात्र अल्झिएर मनपर्ने आरम्मणको चाहना राख्दै लोभी बन्ने, मननपर्ने आरम्मणमा प्रतिकार गर्दै द्वेष चेतना उत्पन्न गरिरहेका हुन्छन् । यसरी मन कलुषित पारिरहेका व्यक्ति पञ्चकाम सुख (भौतिक सुख) रूपी फुल टिप्नमा नै बेहोशी बन्दै आफ्नो आयु क्षीण हुँदै गइरहेको विषयमा पत्तो नै नपाइरहेका हुन्छन् । त्यस्ता व्यक्तिहरू झरीको मौसममा सुत्ने मोहमा भुलेमा पहाडी भेगका ग्रामवासीलाई बाढी पहिरोले बगाए जस्तै मृत्युले अचानक मौका छोपेर बगाएर लानेछ ।

यसरी बेहोशी बनेका हामीले मानसिक सुख प्राप्त गर्ने मौका गुमाउन पुग्छौं । मानसिक सुख प्राप्त गर्न नसकेसम्म हामी यस संसारको बन्धनमा अल्झिएर जन्म मरणको चक्रमा भौंतारिन बाध्य हुन्छौं । त्यसैले अब हामी जागरुक र होशियारी बन्न हतारिन परेको देखिन्छ । यसको लागि हामीले ३ वटा खुड्किला पार गर्न आवश्यक छ ।

(१) शील – आफ्नो शरीर, वचन र मनले कुनै पनि प्राणीको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुग्ने गरी काम गर्न सक्नु र कुरा गर्न सक्नु । यसको लागि भगवान् बुद्धले ५ वटा प्राकृतिक नियमहरू पालन गर्नुपर्ने सल्लाह दिनु भएको छ । यसलाई पञ्चशील भनिन्छ । ती यसरी छन् –

क) प्राणी हिंसा नगर्नु ख) अरूको अधिकारमा रहेको चीज बस्तु उनीहरूको अनुमति बिना सुटुक्क नलिनु ग) विवाहित पुरुष एवं महिलाले आफ्नी श्रीमती र आफ्नो श्रीमान् बाहेक अन्य महिला एवं पुरुषहरूमा लोभ चेतनाले व्यवहार नगर्ने । घ) आफ्नो स्वार्थ पूर्तिका लागि झूठो कुरा, चुकली कुरा, कडा वचन एवं बकवास काम नलाग्ने कुरा नगर्ने । ङ) आफ्नो शरीर र मन बेहोश पार्ने मादक पदार्थ सेवन नगर्ने ।

(२) समाधी – शील पालन गरी अनुशासित भइसकेको मनलाई आफूले चौबिसै घण्टा फेरिराखेको श्वास प्रश्वासमा एकाग्रताका साथ मनले हेर्न लगाउने । नाकको दुवै प्वालहरूबाट भित्र बाहिर गरिरहेको श्वासलाई एकाग्रताका साथ मनलाई हेर्न लगाउने कार्यलाई "आनापानानुस्सति" ध्यान भनिन्छ । यस ध्यानबाट सञ्चित एकाग्रताको शक्तिले आफ्नो शरीरको शीर देखि पाइतालासम्म भइरहेको अनित्य र परिवर्तन स्वभावलाई हेर्न लगाउने कार्यलाई विपश्यना ध्यान भनिन्छ । विपश्यना ध्यान गर्नको लागि विपश्यना ध्यान केन्द्रमा गई ध्यान शिविरमा भाग लिंदा अझ बढी प्रभावकारी हुनेछ ।

(३) प्रज्ञा – शीर र समाधीको अभ्यासले शिक्षित भइसकेको मनले आफूमा रहेका गलती र कमीकमजोडीलाई चिनेर उक्त गलती फेरि नदोहोरिने गरी अभ्यासरत रहने

*(क्रमश ५ पेजमा हेर्नुहोला)*



# धर्म आचरणमा उतार्नु-२

✍ **सत्यनारायण गोयन्का**

भन्नु त धेरै सजिलो छ । बुद्धिले बुझ्नु पनि सजिलो छ मनले स्वीकार गर्नु पनि सजिलो छ । तर यसबाट कसरि बच्ने ? रक्सी पिउने, त्यसको लतमा लाग्ने व्यक्तिले राम्ररी बुझेको हुन्छ कि सेवन गर्नु हुँदैन, त्यसको सेवनले पैसाको नोक्सान र परिवारलाई हानि हुन्छ । तर के गर्नु समय आयो भने आफूलाई संयमित गर्न सक्दैन । त्यस्तै जुवा खेल्नेलाई पनि राम्ररी थाहा हुन्छ कि त्यो आफ्नो लागि हानिकारक छ, खेल्नु हुँदैन । तर के गर्नु जब समय आउँछ तब खेलिहाल्छ । त्यस्तै व्यभिचारीले पनि थाहा पाएको हुन्छ कि यस्तो गर्नु राम्रो होइन तर अवसर पाउने वित्तिक्कै ब्यभिचार गरिहाल्दछ । रिसाउनु हुन्न भनेर पनि सबैलाई थाहा छ तर के गर्नु आफूले भने जस्तो नहुने बित्तिक्कै रीस आईहाल्छ । दुष्कर्म गर्नु हुँदैन भनेर थाहा हुँदा हुँदै पनि दुष्कर्म गर्न पुग्दछ किन यस्तो भयो ? किनकि मन वशमा छैन । जसको मन वशमा छैन उसको बुद्धिले बुझेको भए तापनि मनले मान्दैन र दुष्कर्म गर्न पुग्छ ।

हाम्रो पुरातन परम्परा धर्मको परम्परा एउटा आदर्श परम्परा थियो । त्यस परम्पराले मानिसलाई हत्या गर्नु हुँदैन । चोरी गर्नु हुँदैन, रीस-द्वेष गर्नु हुँदैन भन्ने मात्र सिकाएनन् । यी सबै दुष्कर्म मन वशमा नुहुनाले भएको हो । त्यसैले मनलाई वशमा राख्नु पर्छ मनको मालिक हुनुपर्छ भन्ने पनि सिकाए । धर्म-प्रवचनहरू, उपदेशहरू केवल सुन्ने मात्र होइन त्यसलाई दैनिक जीवनमा लागु गर्ने तरिका पनि स्थितप्रज्ञ बन्दछ, वीतमोह बन्दछ, भवविमुक्त बन्दछ, वीत द्वेष बन्दछ तब उनको मन असीम करुणाले भर्दछ । जब मानिसहरूलाई धर्म सिकाउँदछ तब केवल उपदेश मात्र दिंदैन, ती उपदेशलाई जीवनमा कसरी लागु गर्ने भन्ने पनि सिकाईन्छ, त्यसको तरिका पनि सिकाईन्छ ।

समाजमा अनेक तरहका साधना विधिहरू छन्, अनेक तरिकाहरू छन्, मनलाई वशमा राख्ने अनेक उपायहरू छन् ती मध्ये एउटा विधि जसले मनलाई केवल वशमा मात्र राख्ने होइन मनको विकारहरूलाई जरै देखि उखेल्ने काम पनि गर्दछ । अन्तरमनको गहिराईमा मनको पींधमा रहेका, जो विऊको स्वभाव भएर रहेका छन् तिनलाई पनि निर्मूल गर्ने उपाय सिकाईन्छ । मनको स्वभाव नै जति खेर पनि राग-द्वेष गरिरहेको हुन्छ, भिन्न-भिन्न प्रकारको विकार पैदा गर्ने हुन्छ । बाहिरबाट हेर्दा, माथि-माथिबाट हेर्दा मन स्वच्छ जस्तो देखिए पनि अन्तरमनमा त त्यस्को राग-द्वेष गर्ने स्वभाव त रहिरहेको हुन्छ, यस स्वभावलाई रोक्न सक्यो भने सही भयो । त्यसैले चित्तलाई माथिल्लो तहमा मात्र सफा गरेर हुँदैन त्यसको जरासम्म नै उखेलिने गरी सफा गर्नुपर्छ ता कि फेरि पलाउने अवस्था नै नहोस् । यसरी जन्मौंदेखि संचय गरिएका यस्ता विकारहरूलाई निकाल्ने एउटा बैज्ञानिक विधि पुरातन समय देखि चल्दै आएको छ । यस विद्या शुद्ध रूपमा कायम भईरहे अथवा यस अनुसार ठीक-ठीक प्रयोग गर्न सके बडो कल्याण हुनेछ, बडो मंगलदायी हुनेछ, यसै जीवनमा मनको स्वभावमा परिवर्तन आउनेछ । चित्तको गहिराइसम्म निर्मल हुन थाल्नेछ । तब धर्म जीवनमा देखापर्नेछ ।

यस्तो विद्यालाई शुद्ध रूपमा सम्हालेर राख्न सकिएन । यस विद्यामा यहाँको दार्शनिक मान्यता पनि जोडियो त्यहाँको कर्मकाण्ड पनि जोडियो यसरी सम्प्रदायको सिक्रीले बाँडे पछि बिचरा विद्याले के गरून ? हामीले दूषित बनायौं नि । दूषित भए पछि हाम्रो चित्त जति निर्मल हुनु पर्ने हो त्यो शक्ति त दुर्बल हुँदै गयो नि । दुर्बल भए पछि यसलाई कसले धारण गर्ला यसको अभ्यास किन गर्ला ? जुन अरू विद्याको अभ्यास गरेपछि तुरुन्त फल प्राप्त हुने हो त्यस्तो विद्यालाई त तुरुन्त अपनाईन्छ । तर अभ्यास अहिले गरेर लाभ पछि आउने हो भने यस्तो विद्या विस्तारै लुप्त हुँदै जान्छ ।

आज भन्दा २५००-२६०० वर्ष पहिला यो चित्त विशोधनी विद्या, यो वैज्ञानिक विद्या एक पटक लोप भयो। कपिलवस्तुका राजकुमार सिद्धार्थ गौतमले यसै सत्यको खोजीमा आफ्नो घरवार त्यागे र दुःखबाट मुक्ति दिलाउने, सबै विकारबाट मुक्ति दिलाउने मार्गको खोजी गरे। धेरै जन्म देखि यसको प्रयत्न गर्दै थियो, अनेक जन्म देखि आफ्नो धर्मको बल बढाउँदै आईरहेको थियो। यस जन्ममा पनि धेरै परिश्रम गरे, पुरुषार्थ गरे पराक्रम गरे र विद्या खोजी निकाले। यस विद्यालाई विपश्यना विद्या भनिन्छ। आफ्नो मंगल गऱ्यो, आफ्नो चित्तलाई शुद्ध बनायो। तब उनलाई बुद्ध भनियो। सारा विकारहरूबाट मुक्त भए पनि असीम करुणाले भरियो तब सबैलाई बाँध्न थाले। आफ्नो जीवन भर वितरण गर्दै रह्यो केही शताब्दीसम्म यसले कल्याण गर्दै रह्यो। पछि यस विद्या दुषित हुँदै गयो अनेक कुरा थपिंदै गयो तब लोप भयो। यस देशमा त नाम-निशान नै बाँकी रहेन। छिमेकी देशले यसलाई केही मात्रामा सम्हालेर राखेका थिए। केही ब्यक्तिहरूले यसको शुद्धतालाई कायम राखे। गुरु शिष्य परम्पराद्वारा थोरै मानिसहरूले यसलाई कायम राखे। गुरु शिष्य परम्पराद्वारा थोरै मानिसहरूले यसलाई सम्हालेर राखेको पाए। यसरी यस पुरातन विद्यालाई आज हामीले पुनः ग्रहण गर्न पाएकाछौं।

भगवानको समयमा भारत देशका ठाउँ-ठाउँमा तपोभूमिहरू थिए गाउँ-गाउँमा, टोल-टोलमा तपोभूमिहरू थिए। त्यस समय गृहत्यागी व्यक्तिहरूमात्र होइन गृहस्थहरू पनि तपोभूमिमा गएर यस विद्यालाई सिक्दथे यस विद्याको अभ्यास गरेर आफ्नो मनलाई निर्मल गर्दथे, आफ्नो जीवन सुधार गर्दथे, आफू पनि सुख-शान्तिको जीवन जिउँदथे र अरूको सुख शान्तिको कारण पनि बन्दथे। स्वयं शान्तिको लाभ उठाउँदथे र अरूको लागि शान्ति निर्माण गर्ने कारण बन्दथे।

यस विद्यालाई सही तरिकाले बुझ्नुस्। यो बौद्धहरूको विद्या होइन, यसरी नबुझौं यो धर्मको विद्या हो, धर्म त सबैको हो। धर्म असीम हुन्छ, अपरिमित हुन्छ। धर्म सबैका लागि कल्याणकारी हुन्छ। बुझ्नु कि यस विद्यालाई सही तरिकाले कसरी अभ्यास गर्ने ?

यस्तो अभ्यासको लागि कुनै ध्यान केन्द्र, तपोभूमिमा जानु पर्ने हुन्छ। कम से कम दस दिनसम्म यस्तो तपोभूमिमा रहेर यो विद्या सिक्नु पर्ने हुन्छ। ठूलो परिश्रम पूर्वक, अनुशासन बद्ध भएर सिक्नु पर्दछ र यसरी सिकेमा कल्याण नै कल्याण हुनेछ। मंगल नै मंगल हुनेछ। शुद्ध धर्म धारण गर्न थालेको छ केवल चित्तलाई एकाग्र गर्ने मात्र कुरा होइन, चित्तलाई निर्मल गर्ने कुरा पनि हो। चित्तलाई केवल माथिल्लो तहमा मात्र निर्मल गर्ने पनि होइन, जरा सम्म निर्मल गर्ने हो। यसबाट मंगल हुने नै भयो। कल्याण हुने नै भयो। ज-जस्ले धारण गर्दछ, उसको मंगल नै मंगल हुन्छ। उस्को कल्याण नै कल्याण हुन्छ।

*(साभार: 'विपश्यना' पत्रिका*
*बुद्ध वर्ष २५६४, २०७७ मंसिर, वर्ष ३७, अङ्क ८)*

## भौतिक एवं आध्यात्मिक सुख ....

गर्छ। ठीक बेठिक छुट्टाउन सक्ने ज्ञान आर्जन भइसकेका उक्त व्यक्तिले कम्म सकता सम्यक दृष्टिलाई बुझी आफूले गरेको राम्रो नराम्रो कार्यको हकदार आफैं हुने रहेछ भन्ने प्रकृतिको यथार्थ नियमहरू बुझ्न सक्ने हुन्छ। त्यसपछि प्रज्ञाको अर्को खुड्कीलो संसारमा जति पनि सजीव निर्जीव प्राणी एवं बस्तुहरू छन्, तिनीहरू सबै नाशवान् हुन् भन्ने यथार्थतालाई पनि बुझ्ने क्षमता जब प्राप्त हुन्छ, तब त्यस व्यक्तिको मनमा कुनै पनि व्यक्ति र चीज बस्तुमा आशक्तिपना रहने छैन। यस अवस्थाको चित्तलाई निर्दोषी, मुक्त, शान्त र निर्मल चित्त भन्न सक्छौं। यस्तो अवस्थामा साँचो मानसिक सुख एवं आध्यात्मिक सुख प्राप्त हुनेछ।

यस्तो सुख प्राप्त गर्नको लागि हामीले शील, समाधी र प्रज्ञाको अभ्यास गर्न नितान्त आवश्यक छ। यस अभ्यासलाई हामीले निरन्तरता दिई सक्कलि मानसिक सुख आर्जन गर्न सकौं। धर्मकीर्तिको यही कामना रहेको छ। ■

**धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग**
**दाता नानीकेशरी वज्राचार्य सपरिवार,**
**भोटेबहाल, काठमाडौंबाट**
**चन्दा रकम रु. ४,०००/-**



# दानव फेरि मानव

– भिक्षु अश्वघोष

जन्मतः मनुष्य पवित्र छ । जन्मेपछि केही वर्षसम्म उक्त (बच्चा) बालक पवित्र मनुष्यको प्रतिनिधित्व गर्छ । बाल्य अवस्थाका बच्चालाई कुनै कुराको चिन्ता हुँदैन । जब बच्चा वातावरणमा जीवन बिताउन थाल्दछ, तब बिस्तार बिस्तारै समाजको विषम हावा उसमा लाग्न थाल्छ । अनि पवित्र हृय बिस्तारै अपवित्र हुँदै जान्छ । कोही कोही वंशानुगतको प्रभावले गर्दा वचपन देखि स्वभाव बिग्रेको देखिन्छ । प्रायः विषम समाज र परि स्थितिको प्रभावले गर्दा मानव दानव हुन जान्छ । भगवान् बुद्धले भन्नु भएको थियो –

**पभस्सरमिदं भिक्खवे चित्तं तंच खो आगन्तुकेही संकलिट्ठं**

अर्थात्– मानवको हृदय त पवित्र थियो । तर बाहिरी वातावरणको कारणले अपवित्र हुन गयो । उदाहरणको लागि अंगुलिमालको हृदय लिन सकिन्छ ।

अंगुलिमालको खास नाम अहिंसक थियो । अंगुलिमाल पछिल्लो नाम हो हो । अंगुलिमाल अहिंसक छँदा ऊ एक विद्यार्थी थिए । विद्या अध्ययनमा ऊ असाधारण थिए । ऊ जेहेन्दार र मेहनती थिए । एकातिर ऊ अनुशासन प्रिय थिए त अर्कोतिर गुरुभक्तिमा ज्यू-ज्यान दिन पनि हिच्चिकचाउँदैनथे । उसको कक्षा श्रेणीमा अरू कैयौं विद्यार्थीहरू पढ्थे, परन्तु अहिंसक जस्तो प्रतिभाशाली अरु निस्कन सकेनन् । अहिंसकको प्रतिभा र अनुशासन प्रियताले गुरुजीलाई विशेष प्रभाव पारेको थियो । विशेषतः गुरुजी अहिंसकलाई अभिरुचिका साथ पढाउँथे र स्नेह पनि गर्दथे । अहिंसक पढाईमा जति तेजिला थिए परीक्षाफलमा पनि उसले अग्रम स्थान सुरक्षित गर्थे, जसले गर्दा अरु साथीहरू ऊ देखि ईर्ष्यावश भित्र-भित्रै जलिएका थिए । अझ गुरुजीको ऊ सँगको सम्वन्धले गर्दा उसका अरु साथीहरू डाहले छटपटिन थाले । उनीहरू प्रतिस्पर्धामा मात्र सीमित नरही अहिंसक प्रति कुदृष्टि लगाई उसलाई गुरुको दृष्टिबाट टाढा राख्न षडयन्त्र रच्न थाले । बिस्तार बिस्तारै अहिंसकको बारे गुरुजीको समक्ष कानेखुशी गर्न थाले । गुरुजीले भने त्यसमा वास्ता राख्नु भएन । तैपनि अहिंसक प्रति जलन र दुश्मनीले गर्दा एकपछि अर्को चुकली आइरहन्थे । तर गुरुजीको उपेक्षा नीति बदलिएन । अहिंसकको कमजोरी र गलती फेला पार्न उनीहरूले सक्दो प्रयास जारी राखे । तर सफल भएनन् ।

एकदिन गुरुजीलाई केही दिनको लागि बाहिर जाने काम आइपर्‍यो । आफू जानुभन्दा अघि अहिंसकलाई बोलाई घरको कामकाज देखभाल गर्ने अभिभारा दिनुभयो । घरमा गुरुजीको श्रीमती सिवाय अरू कोही थिएन ।

जब गुरुजी आफ्नो काममा बाहिर जानुभयो, तब अहिंसकको प्रतिद्वन्दीहरूले परस्पर षडयन्त्र गर्ने बारे चर्चा शुरु गर्नथाले । उनीहरूमध्ये एकले सुझाव राख्यो – "अब राम्रो मौका आएको छ । जब गुरुजी फर्केर आउनु हुनेछ, तब हामी सबै एकमत भई अहिंसकले गुरुजीको पत्नीलाई व्यभिचार गर्‍यो भनी शिकायत गर्नेछौं । यस कुरामा त गुरुले अवश्य पनि ध्यान दिनु हुनेछ ।" सबैले यस योजनालाई एकै स्वरमा समर्थन जनाए ।

गुरुजी यात्राबाट फर्किएपछि अहिंसकको दुश्मनहरूले जसरी सोचेका थिए, त्यसरी नै योजना सफल पारे । यसपाली दुश्मनहरूको कुरालाई गुरुजीले विश्वास गरे । फलस्वरुप अहिंसकप्रति जुन प्रेम र विश्वास थियो, त्यो सबै लोप हुन पुग्यो । गुरुजी ज्यादै रिसाउनु भयो । छलकपटी शिष्यहरूको कुरामा कतिसम्म सत्यता र वास्तविकता छ, यस विषयमा विचार पुर्‍याउन सक्नु भएन । उल्टो यसरी निश्चय लिनुभयो, कि अहिंसक साँच्चै नै विश्वासघाती हो, यसलाई त मार्नु नै उचित हुनेछ ।

गुरुजीले एकदिन अहिंसकलाई आफूकहाँ बोलाएर भन्नुभयो – "अहिंसक ! तिमीले धेरै शिक्षा हासिल गरिसक्यौ । मैले जति पनि जानेको छु, ती सबै विद्या तिमीलाई सिकाइसकें । अब तिमी घर जान सक्छौ ।

तिमीलाई एउटा कुरा भन्न चाहन्छु । मेरो आशीर्वाद प्राप्त गर्नका लागि तिमीले मलाई, गुरुपूजा गर्नुपर्छ । अरू केही चीजको मलाई आवश्यक त छैन । केवल मानिसहरूको हजारवटा चोर औंला काटेर ती औंलाहरूको माला गाँसेर मलाई गुरु दक्षिणा चढाउन ल्याउनु । बस् यति मात्र तिमीबाट गुरु दक्षिणाको रूपमा भेंट माग्दैछु ।

अब गुरुजीको विद्वता र शिक्षकको महत्व यहाँ माटोमा मिल्न पुग्यो । यता अहिंसक विद्वान् र शिक्षित भए पनि उसको अन्ध गुरुभक्तिको कारणले उसलाई पनि कुपथमा धकेलेर पठाइदियो ।

अहिंसक धनुष र तलवार चलाउन दक्ष थियो । गुरु भक्तिमा अन्ध श्रद्धा राख्ने अहिंसकले धनुष, तलवार काँधमा बोकी गुरुको आज्ञा शिरोपर गरी गुरु दक्षिणा संकलन गर्नको लागि ऊ शहरबाट टाढा प्रसिद्ध व्यापारिक मार्गमा गई बसे । यसरी यहाँ लुकी लुकी उसले उक्त मार्गमा आउने यात्रीहरूलाई समात्दै उनीहरूको चोर औंला काटेर लिन थाले । औंला काटिएका पीडित नरनारी, गाउँ, घर र शहरमा गई स्वर मच्चाउन थाले । मानिसको आवतजावत त्यस स्थानमा झन्-झन् कम हुँदै गयो । गुरु दक्षिणाको तीव्र आकांक्षामा लालायित भएकोले उसले अब नरहत्या गरेर पनि एकहजार औंला जम्मा पार्ने निधो गरी हत्या पनि गरे ।

अब अहिंसक मानव संहार गरेर हिंसक दानव बने । अब उसमा मानवता रहेन । उसको कुशाग्र बुद्धि वास्तविकता बुझ्ने र सम्झने भन्दा पनि गुरुपूजा गरेर गुरुको आशीर्वाद पाउनुमा संलग्न रह्यो ।

कोशल प्रदेशमा हाहाकार मच्चियो । कसैले उसलाई समात्न सकेनन् । नर संहार गरेर औंला काटिन्थ्यो र अंगुलीको माला बनाउँथ्यो । परन्तु अभाग्यवश अंगुली मालाको औंलाहरू मुसा, बाज आदिले खाएर उडाईदिने गर्थे । अन्ततः विवश भएर आफ्नो गलामा स्वयं ती औंलाको माला लगाउन शुरु गरे । त्यसबेला देखि उनी अंगुलीमाल डाँकुको नामले प्रख्यात भए । अब उसको इच्छा पूरा गर्न एक औंलामात्रको खाँचो रह्यो । उसले विचार गर्‍यो– "आज चाहे आफ्नै आमा आए पनि आफ्नै बुबा आए पनि बाँकी राख्दिन मारेर औंला प्राप्त गर्नेछु । जसरी हुन्छ, एक औंला प्राप्त गरी आफ्नो लक्ष्य पूरा गर्नेछु ।"

यता कोशल राजाले प्रयाप्त रूपमा सैनिक संगठित पारी जनताको समूहमा घोषणा गरे– "आज अंगुलिमाल डाँकूको अन्तिम दिन हो ।"

यो खवर सुनेर जनताहरूमा अपार आनन्द र हर्ष छायो । उनीहरू हर्षले नाच्न थाले । अंगुलिमालकी आमा आफ्ना एक मात्र पुत्र आज सदाको लागि लोप हुने भएकोले उनको मातृ हृदय विह्वल भयो । गौतम बुद्धले अंगुलिमालको सम्पूर्ण कहानी सुनिसक्नु भएको थियो । गौतम बुद्धले सोच्नु भयो र बुझ्नु भयो कि दुष्ट साथीहरूको ईर्ष्या र जलनको फलस्वरूप तथा शिक्षक गुरुको अदूरदर्शिताको कारणले अहिंसक मानवलाई हिंस्रक दानव बनाइदियो । अझ पनि समय छ उसलाई कुपथबाट सुपथमा लैजान फेरि मानव बनाइदिनुछ । वास्तवमा अंगुलिमाल डाँकू होइन, हत्यारा होइन, ज्यानमारा होइन । केवल उनका सहपाठीहरूको इर्ष्या, छलकपट र गुरुजीको अविवेकी व्यवहार, अदूरदर्शीताको फलस्वरुप बिचरो अहिंसकले यस्तो दुर्दशा भोग्नु पर्‍यो । अतः उसको उद्धार गर्नु नै आज मेरो प्रथम कर्तव्य हुन आउँछ । मलाई पूरा विश्वास छ उसको हृदय अवश्य पनि परिवर्तन हुनेछ ।

तथागत सरासर अंगुलिमाल कहाँ जानुभयो । पहेंलो वस्त्रधारी श्रमण एकजना आफूकहाँ आइरहेको देखी अंगुलिमाललाई बडो आश्चर्य लाग्यो । उसकहाँ त कोही पनि व्यक्ति अगाडि पर्ने हिम्मत गर्न सकिरहेको थिएन । यसरी अंगुलिमालले मनमनै विचार गर्दागर्दै तथागत उनको नजिक पुग्नुभयो । जति जति भगवान् बुद्ध उसको नजिक पर्न थाल्यो, त्यति नै अंगुलिमालको हृदय विचलित हुन थाल्यो । तैपनि अंगुलिमालले आज आफ्नो लक्ष पूरा गर्ने प्रण गरिसकेकोले गौतम बुद्धलाई पछ्याउन अघि सरे । तर भगवान् बुद्धलाई उनले भेट्टाउनभने सकिएन । आखिर थाकेर उसले बुद्धलाई सम्बोधन गर्दै भने – "ए श्रमण ! रूक त !"

भगवान् बुद्धले भन्नुभयो– "मत खडा भइरहेको छु । तिमी पो दगुरीरहेका छौ ।"

अंगुलिमाल – "म डाँकु हुँ । यस बाटोबाट जाने कोही बाँच्न सक्दैन । श्रमणले के ठानेका छौ ?"

भगवान् – तिमी साँचैको डाँकू होइन जस्तो लाग्छ । म सोच्दैछु, तिमीले केही अपराध गरेका छैनौ । एक अन्ध भावनाबाट अन्ध गुरुभक्तिमा लागेको कारणले

तिमीबाट यो नरसंहार हुन पुगेको जस्तो लाग्छ । अहिले तिम्रो हृदय पाषाण भइरहेको छ । यो मन मान्छु तर यस पाषाण हृदयले पनि मैनको रूप लिन सकिन्छ । तिमी अहिले पनि अँध्यारोबाट उज्यालो गतिमा आउन सक्छौ ।

तथागतको यस भविष्यवाणीमा उसले आशाको झल्को देख्यो । ऊ झसङ्ग भयो । अझ पनि ऊ सुध्रिन सक्छ भन्ने भावना उनको मनमा भ्वास्स पस्यो । एक क्षणमा नै अंगुलिमालको हृदय स्वतः परिवर्तन भयो । अंगुलिमालले भन्यो– "यस्तो अमृतवाणी त मैले कहिले पनि सुन्न पाएको थिएन । मेरो आँखा खुलेको अनुभव भइरहेको छ । त्यतिखेर नै उसले आफ्नो शस्त्र फ्याँक्यो र विनम्र भई अनुरोध गऱ्यो– "शास्ता ! मलाई क्षमा गर्नुहोला । मलाई सही मार्ग देखाइदिनुस् ।"

तथागतले उसलाई आफ्नो संघको सदस्य बनाउनुभये । उसले आफ्नो गलतीलाई चिनेर आत्मालोचना गर्नुका साथसाथै (अनित्य, दुःख र अनात्म) संसारको त्रिलक्षण स्वभावलाई बुझेर शील, समाधि र प्रज्ञाको अभ्यास गर्दागर्दै निर्वाण प्राप्त गऱ्यो । र भाग्यमानी बन्यो ।

यसरी अहिंसक र कुशाग्रबुद्धि भएको व्यक्ति कसरी हिंसक नरसंहारक अंगुलिमाल डाँकू बन्नुपऱ्यो भने यथार्थतालाई बुझ्न सक्यौं । ईर्ष्या र डाहाको कारणले कस्तो दुर्घटनालाई निम्त्याउन सक्दो रहेछ । स्वतन्त्र चिन्तन नभएको कारणले विश्वासीहरूबाट कसरी विश्वास घाती बन्दो रहेछ ? अन्ध गुरुभक्तिको कारणले कसरी विद्वान् र शिक्षित व्यक्ति पनि कुपथमा पर्न सक्ने रहेछ ।

९९९ जना मानिसको हत्या गरेका अंगुलिमालले भगवान् बुद्धको शिक्षा बुझ्न मौका पाएको कारणले यही जन्ममा निर्वाण प्राप्त गरे । दानबबाट मानव बने । ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बुन्हि :*
बि.सं. २००१
असार १५ गते,
सप्तमी बुधवार



*मदुगु न्हि :*
बि.सं. २०७९
कार्तिक ८ गते
औंशी मंगलवार

**लक्ष्मीशोभा ताम्राकार, भोटाहिटी**

**लक्ष्मीशोभा ताम्राकार** ङत पुचःया दुजः मय्जु नील शोभा ताम्राकार संसारया त्रिलक्षण स्वभावयात न्ह्यब्वसे दिवंगत जुयादिल । वय्कलं थःगु जीवनय् दान, शील भावनायात क्वातुक अभ्यास यायां सञ्चय यानादीगु पुण्य शक्तिं वयकःयात सुगति व निर्वाण हेतु नं प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन याना

**धर्मकीर्ति लक्ष्मी नानी ङत पुचः**

## आवरण चित्र परिचय

गर्नुहुन्थ्यो । तर उहाँ नै आज केश मुण्डन गरी काषाय वस्त्र धारण गरी हातमा पात्र लिई पिण्डपातका लागि विचरण गरिरहनु भएको छ ।"

(- विनयपिटक महावग्गट्ठ कथा-१०५)

यस विवरणले सिद्ध गर्छ कि राजकुमारले जब चार निमित्त देख्नुभयो, तब उहाँ आफ्नो जीवनमा नगर निरिक्षणको लागि जानुभएको यस घटना पहिलो पटक रहेनछ । यसभन्दा पनि कैयौं पटक जानुभएको हुनुपर्छ ।

तर सच्चाई यो हुनुपर्छ कि त्यसदिन नगरमा जब एकपछि अर्को तीन निमित्तहरू देख्नुभयो, तब उहाँको मनमा यस्तो प्रश्न उठ्यो–

"के सबैले आफ्नो जीवनमा यस्ता ३ अवस्थाहरूलाई भोग्नु अनिवार्य नै रहेछ ? के यस्तो अवस्थाहरू भोग्नु नपर्ने कुनै उपाय छैन ?" यस प्रकारका चिन्तनहरूको कारण उहाँ पहिला भन्दा बढी उद्विग्न हुनुभई संवेग चेतनाले स्थान लिएको हुनुपर्छ अवश्य पनि ।

संयोगवस त्यही समयमा उहाँले चार नम्बरको निमित्तको रूपमा एक श्रमणलाई देख्नुभयो । यसरी कुनै एक श्रमणलाई देख्नु पाउनु पनि कुनै नयाँ अनुभव मान्न सकिन्न । किनभने भिक्षाटनको लागि राजमहल परिसरमा आइरहेका श्रमणहरूलाई उहाँले पहिला पनि देख्नु भएको थियो होला । उहाँका परिवार श्रमण परम्पराका राजपरिवार थिए । श्रमणहरूलाई भिक्षाटन दिनु उहाँहरूको सहज

*( क्रमशः १४ पेजमा हेर्नुहोला )*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## ५. यात्रारम्भ

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

जेठ शुक्लपक्ष नहुँदै मनसूने झरी शुरू भएको थियो । अघिल्लो दिन दिउँसो देखि परिरहेको पानी बीचमा एक-दुई पल्ट केही क्षणकालागि थामिएको भएतापनि सम्पूर्ण आकाशमा काला बादलहरू लगातार मडारिएका थिए । मध्यरात पछिको चिसो हावा बहन थालेको धेरै बेर भइसक्दा पनि काला बादलहरू नछाँटिएकाले फेरि फेरि पनि पानी पर्न थालिरहेको थियो । जेठ महिनाका गरमी रातहरू छलेर आउने यस्ता शितल रातहरू सबैका लागि मस्त निदाउने समय भएता पनि रातको दुई बजेतिर खाटमा पल्टिएकी गणेशकुमारी अझै कोल्टो फेरिरहेकी थिई । ऊ निदाउने तरखरमा होइन बरू खाटबाट उठ्ने समयको प्रतिक्षामा छटपटिरहेकी थिई । त्यो उसको यात्रारम्भ हुने दिन थियो । त्यही दिन बिहान सबेरै उसका सहयात्रीहरू– मनोहरादेवी शुभलक्ष्मी र उनीहरूकी आमा, लक्ष्मीमाया मोटर लिएर उसलाई र उसका माहिला दाजु मानकाजीलाई लिन आउँदै थिए । आफूहरूकासाथमा लैजानु पर्ने सम्पूर्ण सामानहरू सहित उनीहरू दुबै जना मोटर आउने बित्तिकै घरबाट निस्कन तयार भइराख्नुपर्ने थियो । त्यसैले नै ऊ त्यसरी छटपटिरहेकी थिई ।

वातावरण सुनसान थियो । झमझम परिरहेको पानी र सिरसिर बहिरहेको चिसो हावाको कारण टोलभरका भूस्याहा कुकूरहरू पनि थुतुनो लुकाई सुतिरहेका थिए । बिहानको तीन बजिसक्दा पनि कुखरा बासिएको सुनिएको थिएन । वातावरणमा मसानमा जस्तै कहाली लाग्दो निशब्दता छाएको थियो । तर गणेशकुमारी यस किसिमको निशब्दता देखि होइन, बरू कसैले यस्तो वातावरण बिथोलिदेला भन्ने आशङ्काले डराइरहेकी थिई । झण्डै घण्टाभर अघि उसको जेठोदाजुले खोकेको आवाज सुनिएको बेलामा उसको मुटु नै ढुक ढुक गरेको थियो । भगवानसँग त्यसबेला उसले हजार पुकार गरेकी थिई, उसको जेठो दाजु उठेर नआवोस् भनेर । तर अहिले धेरै समयदेखि उसको जेठो दाजुको कोठातिरबाट फेरि केहि पनि आवाज आएको सुनिएको थिएन । शायद उसको जेठो दाजु अहिले गहिरो निद्रामा सुतिरहेको थियो ।

कोठाको भित्तोमा झुण्डयाइएको भित्ते घडीले टाङ्ग... टाङ्ग... तीन हानीसकेपछि गणेशकुमारीले चाहेर पनि फेरि ओछ्यानमा रहिरहन सकेन । ऊ ओछ्यानबाट ओर्लेर कोठाको बत्ती नबालिकनै बिस्तारै कोठाबाट बाहिर निस्की । अँध्यारोमा छामछुम गरेर नै उसले बिहानको नित्यकर्म सिध्याई । अनिपछि कोठामा पसेर लुगा फेरी । अघिल्लो रातमा उसको जेठोदाजु सुत्न गइसकेपछि उसले आफैले जोरजाम गरेका सानो सन्दूक, हातेझोला र अन्य महत्त्वपूर्ण कागज तथा पैसा हाल्ने सानो झोला आदि उसका ती व्यक्तिगत सामानहरू उसले एकपल्ट छामेर हेरी । ती सबै यथावत नै थिए ।

उसका ती व्यक्तिगत सामानहरू बाहेक अरू सबै सामानहरू उसको माहिलोदाजु मानकाजीले मिलाइसक्नु पर्ने थियो । तर अबेर रातीसम्म पनि ऊ आफू जेठो दाजुसँग कुरागर्नमा अलमलिनु परेकोले माहिलोदाजुले ती सबै सामान मिलाइसकेको थियो कि थिएन उसलाई केही थाहा थिएन । त्यसैले उसले माहिलोदाजुलाई पनि उठाइहाल्ने विचार गरी । माहिलोदाजुलाई उठाउन ऊ माहिलो दाजुको कोठातिर लागेकी मात्र थिई, बाहिर मोटर ल्याएको जस्तो आवाज सुनियो । झमझम परिरहेको पानीको आवाजले मोटरको आवाजलाई निकै दबाएको थियो । एक किसिमले त्यो पनि बेसै भएको थियो ।

गणेशकुमारी छिटो छिटो घर बाहिर निस्की । आफ्नो घरदेखि अलि पर अडयाइएको मोटरबाट कोही निस्कन्छ कि भन्ने आशाले ऊ एकैछिनसम्म पर्खिरही । तर मोटरबाट कोही पनि निस्केन । त्यसैले ऊ आफै पानीमा रुझ्दै मोटरनेर गई । मोटर भित्र अँध्यारो भएकाले मोटरमा को को थिए ठम्याउनु कठीन थियो । त्यसैले

उसले दबेको स्वरमा आवाज दिई– "लक्ष्मी ! ... ए, लक्ष्मी ! ..." – तर उसको सारै मसिनो स्वर बर्षाको गर्जना भित्र त्यसै बिलाएको थियो । त्यस वास्तविकताको चाल पाउन नसकेकी गणेशकुमारीले आफू झुक्किएर अर्काको मोटरनेर आइपुगेकी रहेछु भनी सम्झी यसरी झुक्किएकीमा लज्जित भई । साथै अलिकति सशङ्कित पनि भई । त्यसैले उ फरक्क फर्कन लागी । ठीक त्यही बेला उसको आवाज नसुनेपनि उसलाई मोटरनेर आएको देखेकी शुभलक्ष्मीले मोटर भित्रैबाट भनी– "चाँडो गर गणेश ! ... तिमीहरूको सामान ... अनि मानकाजीदाई खोई नि ?"

शुभलक्ष्मीको चिरपरिचित स्वर सुन्न पाउँदा गणेश कुमारी खुशीले प्रफुल्लित भई । उसले तुरन्तै जवाफ दिई – "एक छिन पर्ख लक्ष्मी ! म त तिमीहरू आएका हौ, होइनौ मात्र हेर्न आएकी । हामी अब आइहाल्छौं ।"

यति भनी ऊ हतार हतार घरतिर फर्की । घरभित्र पस्दा मात्र उसले थाहा पाई मोटर आउँछ कि भनेर ऊ जति उत्सुक भएर पर्खेर बसेकी थिई त्यतिकै बेचैनीसित पर्खिरहेको थियो उसको माहिलो दाजु मानकाजी पनि । उसको माहिलो दाजु आफूले जोरजाम गरेका सम्पूर्ण सामानहरूमध्ये सके जति आफैले बोकी अरू बाँकी सामान घरको नोकरलाई बोकाएर भऱ्याङ्गबाट झरिरहेको थियो । गणेशकुमारीलाई देख्ने बित्तिकै मानकाजीले उसँग बिस्तारै सोध्यो– "उनीहरू आएका हुन् के ?"

आफ्नो माहिलो दाजु आफूभन्दा पहिले नै तयार भएर ओर्लेको देख्दा गणेशकुमारीको मन ढुक्क भयो । उसले खुसी भएर जवाफ दिई– "हुन् । उनीहरू नै आएका हुन् । छिटो, तर बिस्तारै जानुस् । ठूलो दाजुले चाल पाउला ।"

"ठीक छ । त्यसो भए म जाँदै गर्छु । तिमी पनि चाँडो आउनु । धेरै बेर अलमलिनु ठीक छैन ।"

गणेशकुमारी र मानकाजीले जोरजाम गरेका सम्पूर्ण सामानहरू पाँच मिनेटमै मोटरमा लादिए । तर त्यसपछि एउटा समस्या उठ्यो । बिदाबारी लिन आमालाई उठाउने कि नउठाउने भनेर । जाने बेलामा आमासँग बिदावारी लिने बारे गणेशकुमारीले पहिले केही पनि सोचेकी थिइन । अहिले हिंड्नै लाग्दा मात्र उसले झल्यास्स सम्झी । त्यसैले ऊ मोटरमा बस्न नगइकन अक्कमक्कमा परिरही । उसको त्यो अलमलाई देखेर शुभलक्ष्मीले कोटचाई– "आउ, गणेश ! किन जाने बेलामा अलमलिरहेकी छचौ ? बियाँलो नगर !"

"आमासँग बिदावारी हुन पाएको छैन । उहाँ उठेर पनि आउनुभएन । उठाउन जानलाई पनि आमासँगै कान्छो भाइ मोतिकाजी पनि सुतिरहेको हुनाले ऊ बिउँझेर रोइदिएमा बित्यास पो पर्ने हो कि भन्ने डर भइरहेछ । यसरी दोधारमा परिरहेकी छु ।"

गणेशकुमारीले सोचेकी नभएतापनि उसकी आमाले यसबारे पहिले नै सोची, मानकाजीलाई राम्ररी सम्झाइ सकेकी थिई । गणेशकुमारीले भने झैं ऊ सँगै सुत्ने चार वर्षको कान्छो छोरो मोतिकाजी बिउँझेर रोइदेला भन्ने डरले अथवा छोरीलाई बिदाई गर्ने बेलामा आफ्नो विह्वल मन थाम्न नसकिएला भन्ने डरले होला, हिराथकूँले मानकाजीलाई के सम्झाएकी थिई भने उनीहरू घरबाट निस्कने बेलामा ऊ आफै उठेर नआएमा उसलाई उठाइरहनु पर्दैन, नउठाइकन नै जानु । त्यसैले मानकाजीले गणेशकुमारीलाई सो कुरो जानकारी दियो । – "हामीहरू जाने बेलामा उहाँ आफै उठी आउनु नभएमा, उठाइरहनु पर्दैन, नउठाइकन नै जानु भनेर हिजो राती नै मलाई सम्झाउनु भएको थियो आमाले । अहिले उहाँ उठी आउनु भएन । त्यसैले अब नअलमलिऔं, गइहालौं ।"

दाजुको कुरा सुनेर गणेशकुमारी निकै दुःखी भई । अति बोझिल मनले घरतिर फर्केर उसले मनमनै आफ्नी स्नेही आमासँग बिदाइ मागी । अनि गहभरि आँसु पारेर विवश रूपमा मोटरभित्र बसी । गणेशकुमारी बस्ने बित्तिकै झरर परिरहेको पानीलाई चिर्दै उनीहरूको मोटर गन्तब्य स्थानतिर गुड्न थाल्यो । त्यसबेला बिहानको चार बजेको थियो ।

गणेशकुमारीका लागि चिरस्मरणीय त्यो दिन सन् १९५० मई महिनाको १६ तारिख तद्अनुसार विक्रम सम्वत् २००७ जेठ ३ गते मंगलवार थियो ।

काठमाडौं, ललितपुर र भक्तपुर– नेपालका यी तीन प्रमुख प्राचीन शहरहरू अवस्थित काठमाण्डौ उपत्यका छोडी भारततिर लाग्ने मूलबाटो काठमाण्डौ र ललितपुरको मध्य भागबाट पश्चिमतिर मोडिएको थियो । त्यसैले गणेशकुमारी बसेको मोटरगाडीले केही समयभरकालागि ललितपुरबाट काठमाण्डौ जाने मूलबाटोमा नै गुड्नु थियो । जति जति त्यो गाडी ललितपुरबाट टाढिँदै गयो, त्यति नै त्यस्मा बस्ने सबै

यात्रुहरूको मन हलुङ्गो हुँदै गएको थियो । अगाडिको सम्पूर्ण यात्रा पनि त्यसरी नै निर्बिघ्न सम्पन्न होस्, उनीहरूले मनमनै कामना गर्दै गएका थिए । तर ललितपुरबाट काठमाण्डौ जाने मूल बाटो छाडी भारततिर जाने बाटोमा मोड्न नपाउँदैमा उनीहरू बसेको त्यो मोटरले, काठमाण्डौंबाट ललितपुरतिर बेगले कुद्दै आएको एउटा अर्को मोटरको लागि बाटो छोड्न छेउ लाग्न पर्‍यो ।

त्यसताका काठमाण्डौ उपत्यका तराई क्षेत्रसँग मोटरको बाटोद्वारा जोडिएको थिएन । उपत्यकामा बाहिरबाट सबै पार्ट-पूर्जाहरू खोलेर, पहाडको बाटोमा बोकाएर उपत्यका भित्र ल्याइसकेपछि पुनः जोडजाड पारेर चलाएका, थोरै संख्याका मोटरहरू मात्र थिए । उपत्यका भित्रका सडकहरू मोटर चलाउने हिसाबले होइन, बग्गी चलाउने हिसाबले मात्र बनाएका हुनाले अझै धेरै साघुरा थिए । त्यसरी साघुरो र पानीले भिजेर चिप्लो भइराखेको बाटोमा अपर्झट छेउ लाग्न पर्दा गणेशकुमारी बसेको मोटर झण्डैले सडकबाट तल खेतमा खस्न लागेको थियो । ड्राइभरको होशियारीले मात्र जोगिएको थियो । त्यसरी मुस्किलले मात्र आफ्नो गाडी जोगाउन सकेको त्यो ड्राइभरले आफ्नो गाडी रोकेर पछाडितिर फर्केर अर्को गाडीको ड्राइभरलाई मनपरी गाली गर्न थाल्यो । धन्य अर्को गाडी धेरै अगाडि बढिसकेको हुनाले ती दुई ड्राइभरहरूका बीचमा झगडा पर्ने नौबत भने आइपरेन । तैपनि लक्ष्मीमायाले ड्राइभरलाई अरू बिलम्ब नगरी गाडी अगाडि बढाइहाल्न अनुरोध गरी । लक्ष्मीमायाको अनुरोधमा त्यो गाडी तुरन्तै अगाडि बढ्यो पनि । तर त्यो गाडी अगाडि बढ्न मात्र के बढेको थियो, किन हो कुन्नि, बेतोडले अगाडि बढिसकेको अर्को गाडी फेरी उल्टो चलाई पछाडितिर ल्याएको देखियो । त्यो देख्दा यतातिरको ड्राइभरको मरिसकेको रीस फेरि जुरमरायो । उसले त्यो ड्राइभरसँग बाझ्ने नै सूरले आफ्नो गाडी रोक्न लाग्यो । त्यसरी नाहकमा झगडा हुन लागेको देखेपछि मानकाजीले आफ्नो ड्राइभरलाई आफूहरू कुन उद्देश्यले कसरी आइरहेका छौं भन्ने कुरो याद दिलाएर गाडी नरोकी चुपचाप अघि बढाउँदै लैजान सुझायो । त्यसरी सुझाएपछि गाडी नरोकी अगाडि बढाएको ड्राइभरले यसरी भन्यो– "आज तपाईंको मुख हेरेर त्यो ड्राइभरलाई छोडिदिएँ । नत्र त्यो पाजीको सात पुस्ता देखाइदिने थिएँ । ... ... बेनियमसित गाडी कुदाउने पनि उही, फेरि उही नचाहिंने फुर्ति गरेर गाडी फर्काइरहेको थियो ।"

ड्राइभरको त्यस कुरोलाई सबैले सुन्यानसुनि गरिदिए । किनभने सबैजना एउटा दुर्घटनाबाट बचेकोमा सन्तोषको सास फेर्नमा व्यस्त थिए ।

त्यो घटना घटेको धेरैबेर नहुँदै गणेशकुमारी बसेको गाडी ललितपुरबाट काठमाण्डौ जाने बाटो छोडेर चन्दागिरी पर्वततिर जाने बाटोमा लाग्यो । चन्दागिरी पर्वततिर जाने बाटो कच्चीबाटो थियो । लगातार परिरहेको पानीको कारण त्यो बाटो पुरै हिलाम्मे भइसकेको थियो । बाटोको ठाउँ ठाउँमा ढलहरू खनेर काटिएका पनि थिए । त्यसैले त्यो बाटोमा गणेशकुमारी बसेको मोटर बडो मुस्किलले, सारै ढीलो गतिमा, नागबेली काट्दै अगाडि बढ्नु परिरहेको थियो । घण्टौं लगाएर, चकमन्न उज्यालो भइसकेपछि मात्र त्यो मोटर चन्दागिरी पर्वतको फेदमा पुग्न सफल भयो । मोटरको बाटो टुङ्गिएपछि सबैजना मोटरबाट ओर्ले । सम्पूर्ण सामानहरू पनि मोटरबाट उतारिए । अब अगाडिको बाटो पैदल हिंड्नु थियो ।

पाँचजनालाई महिना दिन खान र बस्न पुग्ने सामान थिए । घटिमा पनि चारजना भरियाहरू खोज्नु थियो । यस्तो काममा सिपालु मानकाजीले केही समयमै थानकोट गाउँतिरका चारजना भरियाहरू बन्दोबस्त गरेर ल्यायो । पहाडको उकालो बाटो, त्यसमाथि लगातार पानी परिरहेकाले भरियाहरूको गति सारै नै मन्द हुने थियो । तर हिंड्नु पर्ने बाटो कम थिएन । त्यहाँबाट भिमफेदी गढीसम्म सात कोस र भिमफेदी गढीदेखि भिमफेदी बजारसम्म अर्को एक कोस । जम्मा आठकोस हिंडिसकेपछि मात्र भिमफेदी बजार पुगिने थियो । त्यहाँबाट भिमफेदी बजारसम्मको बीचबाटोमा फाटफुट दुईचार घरहरू भएतापनि सुविधाजनक एवम् सुरक्षित बासस्थान भने कतै थिएन । त्यसैले भरियाहरूको भारी मिलाउनमा लागेको मानकाजीले लक्ष्मीमायालाई सम्झायो–

– "फुपू, हिंड्नु पर्ने बाटो निकै लामो छ । त्यस माथि पनि यहाँको ठाडो उकालो चढ्न निकै कठीन छ । त्यसैले तपाईंहरू भरियाहरूलाई पर्खि नरहनुस् । माथितिर जाँदै गर्नुस् । म यी भरियाहरूलाई साथमा लिएर सकभर छिटो आउँदै गर्छु ।

यहाँदेखि भिमफेदी गढीसम्मको बाटो मूलबाटो हुनाकासाथै अरू थुप्रै बटुवाहरू पनि आवत्-जावत् गरिरहेका

हुने हुनाले बाटोमा केही डर छैन । त्यसैले तपाईंहरू सिधै गढीसम्म नै गइरहनुस् । बीच बाटोमा खानपिन गर्न केही खानेकुराहरू र अन्य केही आवश्यक सामानहरू पनि तपाईंहरू आफू साथै लैजानुस् । म तपाईंहरूलाई गढीमा मात्रै भेट्टाउन आउनेछु ।"

मानकाजीको प्रस्ताव सबैलाई उचित लाग्यो । लक्ष्मीमायाका साथै तीनै जना केटीहरूले पनि केही खानेकुराका साथै अरू केही सानातिना हलुङ्गो सामानहरू साथमा लिई अघि बढ्न कम्मर कसे । हिंड्न लागेको लक्ष्मीमायाले मानकाजीलाई सम्झाई– "त्यसो भए हामी जाँदै गर्छौं । हामीहरू तिमीलाई भिमफेदी गढीमा मात्रै पर्खन्छौं । तिमी भरियाहरूलाई साथमा लिई सकभर छिटो आउनु । साँझ पर्नासाथ भिमफेदी गढीको चेकपोष्ट अड्डाले द्वार बन्द गर्छ रे । त्यसैले बियाँलो नगर्नु । जसरी भएपनि चेकपोष्ट अड्डाले द्वार बन्द गरिनुभन्दा पहिले नै भिमफेदी गढीमा आइपुग्नु ।"

यसरी उनीहरू दुई समूहमा बाँडिएर चन्दागिरी पर्वतमाथि चढ्न थाले । गणेशकुमारी र उसका सँगिनीहरू लक्ष्मीमायाको नेतृत्वमा अगाडि बढ्दै गए । त्यसको केही बेरपछि मानकाजीले पनि भरियाहरूलाई साथमा लिएर बिस्तारै चन्दागिरी पर्वतको उकालो चढ्न थाल्यो ।

चन्दागिरी पर्वतको उकालो कहालीलाग्दो उकालो थियो । तर नेपालीहरूका लागि भने त्यो त्यति दुष्कर थिएन । किनभने नेपाल एउटा पहाडी देश हो । यसको दुई तिहाई भन्दा बढी जमीन साना-ठूला पहाड-पर्वतहरूबाट ढाकिएको छ । संसारको सबैभन्दा अग्लो टाकुरो सगरमाथा लगायत संसारभरका जम्मा १८ ओटा अग्ला टाकुराहरूमध्ये १२ ओटा अग्ला टाकुराहरू नेपालमा छन् । पहाड-पर्वतहरू नै नेपालको लागि प्रकृतिको एउटा महत्वपूर्ण वरदान हो । विभिन्न देशका हजारौं यात्रुहरू खालि पर्वतिय सौन्दर्य हेर्ने उद्देश्यले मात्र पनि बर्षेनी नेपालमा आउने गरेका छन् । स्वयम् नेपालीहरू पनि आफ्ना पहाड-पर्वतहरूको मनोरम सौन्दर्यपान गर्न विभिन्न पाखा-पर्वतका उकाली-ओरालीमा हिंड्डुल गर्न रुचाउँछन् । पाखा-पर्वत हेर्ने कम मौका पाउने काठमाण्डौ उपत्यकावासीहरूले पनि, आफ्नो देशको वास्तविक सौन्दर्यको अवबोध गर्न सकोस् भनेर, बुजुर्ग पूर्वजहरूले काठमाण्डौ उपत्यका वरिपरिका अग्ला अग्ला पहाडहरूमा तथा उपत्यकाबाट दुई चार दिनको बाटो परका अनेक पहाडहरूका टाकुरा टाकुरामा पनि विभिन्न चैत्य, मन्दिर, तीर्थ आदि धार्मिक स्थलहरू स्थापना गरेर गएका छन् । अनि प्रत्येक वर्ष निश्चित दिनहरूमा ती स्थानहरूमा जाने पर्व घोषणा गरी काठमाण्डौउपत्यकावासीहरूलाई ती ठाउँहरूमा जाने प्रेरणा दिएर गएका छन् । गणेशकुमारी तथा उसका सँगिनीहरू पनि धेरै पटक बडो उत्साहपूर्वक कतिपय त्यस्ता स्थानहरूमा गइसकेका थिए । चन्दागिरी पर्वतको उकालोमा पनि उनीहरू त्यस्तै जाँगरले चढ्दै जान थाले ।

उनीहरू जाँगरपूर्वक उकालो चढ्दै गएको धेरैबेर नहुँदैमा पहिले थामिएको बर्षा पुनः शुरू भयो । हुन त नेपालमा प्रायः बाह्रै महिनाहरूमा आकल झुकल पानी पर्ने गर्छ । तर जेठको शुरू वा मध्यतिर देखि भदौको अन्त सम्मको अवधिमा नेपालमा विशेषरूपमा पानी पर्छ । यसबेला त्यसरी पानी पर्नाको मूल कारण नेपालको दक्षिण-पूर्वमा अवस्थित बंगालको खाडीबाट नेपालतिर बहने मनसूनी हावाले बोकेर ल्याउने बाफका कणहरू सम्पूर्ण नेपालको उत्तरी भेगमा लम्बिएर रहेको हिमालय पहाडनेरको चिसो वातावरणमा पुगेपछि पानीका बुँदाहरूमा परिणत हुनु हो । त्यसताका त्यसरी पर्ने पानीलाई मनसूने झरी भनिन्छ । नेपालमा त्यो मनसूने झरी कहिलेकाहिं सात दिन सात रातसम्म पनि अविरल, तर मन्द गतिमा सिमसिम परिरहने हुन्छ । फलस्वरूप पानीमा रुझ्नु, पानी परिरहेको बेलामा पनि साविक झैं हिंड्डुल गर्नु र कामकाजमा लाग्नु नेपालीहरूको बानी नै भइसकेको छ । पानी पर्न थालेपनि गणेशकुमारी लगायत अन्य कुनै पनि यात्रुहरूले आ-आफ्नो यात्रा स्थगित गरेनन् । सबै यात्रुहरू आ-आफ्नो छाता ओढी पहिले झैं निरन्तर अघि बढ्दै गए । त्यो पटक परेको पानी शायद फेरि नरोकिने हिसाबले परेको जस्तो थियो, त्यो पानी लगातार परिनै रहचो । पहाडको ठाडो उकालोको कच्ची बाटोमा लगातार पानी परिरहेकाले बाटो झन झन चिप्लो हुँदै गयो ।

